Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD: 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ६५ | वि.सं. २०८३ असार ३ बुधवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल तृतीया | Wednesday 17 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

एमयूको चौथो दीक्षान्त समारोह आज

# स्थापनाको १६ वर्षमा आठ हजार बढी विद्यार्थी उत्पादन



**ओम शाही**
**सुर्खेत, २ असार ।**

मध्यपश्चिम विश्वविद्यालय (एमयू) को चौथो दीक्षान्त समारोह आज (बुधबार) हुँदैछ। दीक्षान्त समारोहसँगै एमयूको १८ औं विश्वविद्यालय सभा र १६ औं वार्षिकोत्सव समारोह पनि आजै हुनेछ। चौथो दीक्षान्त समारोह तथा विश्वविद्यालयसभा-२०८३ को सञ्चार तथा प्रचार-प्रसार उपसमितिका संयोजक डाक्टर विष्णुकुमार खड्काले दीक्षान्त समारोहमा ग्रेस लिष्टमा रहेका १९ सय २८ जना विद्यार्थी दीक्षित हुन लागेको बताए।

उनका अनुसार कुल विद्यार्थी मध्ये चार सय ५५ विद्यार्थीहरूले दीक्षान्त समारोहमा सहभागिता जनाउन आवेदन दिएका छन्। यी मध्ये चार सय २८ जनाले आफ्ना अभिभावकसहित उपस्थित हुने गरी आवेदन दिएको खड्काले बताए। ग्राजुएट स्कुल अन्तर्गत विभिन्न तहको शैक्षिकोपाधि हासिल गरेका विद्यार्थीहरूलाई दीक्षित गर्नेगरी तय भएको एमयूको ऐतिहासिक चौथो दीक्षान्त समारोहको अध्यक्षता नेपाल सरकारका शिक्षा तथा खेलकुद मन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले गर्नेछन्।

दीक्षान्त समारोहमा सहभागी हुन मन्त्री पोखरेल वीरेन्द्रनगर आइसकेका छन्। उक्त समारोहमा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् केदारभक्त माथेमाको प्रमुख आथित्यता रहनेछ। 'दीक्षान्त समारोहमा ८ जेठ २०८३ सम्म ट्रान्सक्रिप्ट प्राप्त गरिसकेका ग्रेस लिष्टमा समाविष्ट विद्यार्थी मध्येबाट स्नातक तहमा सर्वोत्कृष्ट भएका एक जनाले कुलपति पदक प्राप्त गर्नेछन्,' खड्काले भने।

त्यस्तै, स्नातक तहमा सर्वोत्कृष्ट भएका एक जनाले उपकुलपति पदक, सबै ग्राजुएट स्कुलहरूबाट स्नातकोत्तर तहका लागि डीन लिष्टमा परेका पाँच जना र स्नातक तहबाट तीन गरी १४ जना विद्यार्थीले प्रमाणपत्रसहित पदक प्राप्त उनले बताए। संयोजक खड्का अनुसार चौथो दीक्षान्त समारोहसम्म आइपुग्दा ६ हजार तीन सय ७० विद्यार्थी दीक्षित भइसकेका छन्।

चौथो दीक्षान्त समारोहबाट दीक्षित हुने विद्यार्थीको संख्या जोड्दा विश्वविद्यालय स्थापना भएको १६ वर्षको अवधिमा आठ हजार दुई सय ९८ विद्यार्थी दीक्षित भएका छन्। यस्तै, विश्वविद्यालय सभामा तीन एजेण्डमा छलफल हुनेछ। विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर नारायणप्रसाद पौडेलले दीक्षान्त समारोहसँगै आयोजना हुने १८ औं विश्वविद्यालय सभामा चालु आर्थिक वर्षको आम्दानी र खर्चको जानकारी गराइने छ।

त्यस्तै, विश्वविद्यालयको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट स्वीकृतीको प्रस्तावसमेत सभामा प्रस्तुत गरिने छ। पौडेलले आगामी आर्थिक वर्षका लागि एक अर्ब ४९ करोड बराबरको बजेट प्रस्ताव गरिएको बताए। उनका अनुसार उक्त सभाले दीक्षित हुने विद्यार्थीको ग्रेस लिष्टसमेत पास गर्नेछ।

## यस्तो छ एमयूको इतिहाँस

३ असार २०६७ मा संघीय सरकारकाले मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ जारी गरेसँगै सुर्खेतको वीरेन्द्रनगरमा केन्द्रीय कार्यालय रहने गरी एमयूको स्थापना भएको थियो। एमयू कर्णाली प्रदेशमा केन्द्रीय कार्यालय रहेको एकमात्र विश्वविद्यालय हो। मध्यपश्चिमाञ्चल विश्वविद्यालयलगायत अन्य विश्वविद्यालयहरू स्थापनाको ढोका २०४९ मा खुलेका थियो।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले नयाँ विश्वविद्यालय थप गर्ने अवधारणा सारेपछि २०५२ मा यस क्षेत्रका नागरिकले तत्कालीन जिल्ला विकास समिति सुर्खेतको नेतृत्वमा विश्वविद्यालय स्थापनाको औपचारिक यात्रा आरम्भ गरेको इतिहास छ। तत्पश्चात २०५३ सालमा जिल्लास्थित सबै सरोकारवालाहरूको साझा प्रयत्नका साथ विश्वविद्यालय स्थापनाको अभियानलाई अघि बढाउने निर्णय भएको थियो। तत्कालीन समयमा सुर्खेत जिविस सभापतिको नेतृत्वमा विकास क्षेत्र सुदृढीकरण समिति गठन भएको थियो। विश्वविद्यालय स्थापना अभियानको नेतृत्व गर्न पनि त्यसै समितिलाई दिइयो।

विश्वविद्यालय स्थापनाको औपचारिक नेतृत्व तत्कालीन सभापति गोविन्दबहादुर मल्ल र बालकृष्ण बिसीले गरेका थिए। त्यसपछि स्थानीय निकाय नेतृत्वविहीन भएपछि नागरिक समाजको तर्फबाट गठित मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनार्थ मूल समितिका अध्यक्ष भूषणकुमार मानन्धरले नेतृत्व गरे।

यसबीचमा विश्वविद्यालय स्थापनाका लागि आवश्यक आर्थिक सहयोग जुटाउन चन्दा, दान दातव्य आदि संकलनका लागि महायज्ञ सञ्चालन, राजनैतिक समर्थन जुटाउने प्रयास, मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमै स्थापना हुनुपर्ने र ऐन पास गराउन पटक-पटक डेलिकेसन जाने, बहस गर्ने आदि विभिन्न गतिविधिहरूमा यी समितिहरू क्रियाशील भए। मौद्गल्य सेवा समाज नेपालले विश्वविद्यालय स्थापनार्थ श्रीमद्भागवदत् धनधान्याञ्चल महायज्ञ सञ्चालन गरी करोडौं बराबरको चल-अचल सम्पत्ति समेत विश्वविद्यालय समितिलाई हस्तान्तरण गरेको थियो।

निरन्तरको जनदबाबकै कारणले विभिन्न समयमा तीनवटा कार्यदल गठन गरिए- (१) नेपाल अधिराज्यको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा विश्वविद्यालय स्थापना सम्बन्धमा सम्भाव्यता अध्ययन कार्यदल (२०५९), (२) प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको प्रारम्भिक प्रारूप तयार गर्न गठित कार्यदलको प्रतिवेदन (२०६१) र (३) प्रस्तावित मध्यपश्चिमाञ्चल विश्वविद्यालयका तयारी समितिको प्रतिवेदन (२०६४)।

उपयुक्त तीन वटै कार्यदलले मध्यपश्चिम क्षेत्रमा एउटा विश्वविद्यालय आवश्यक रहेको औल्याएका थिए। यसरी निरन्तरको प्रयत्न, प्रयास र प्रतिस्पर्धाको प्रतिफल पुष्पकमल दहाल (प्रचण्ड) प्रधानमन्त्री भएको समय १६ फागुन २०६५ मा मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्थापनाको साइत जुरेको थियो।

त्यसपछि 'मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७' वि.सं. २०६७/३/३ मा प्रमाणीकरण भइ जारी भएपछि विश्वविद्यालयका शैक्षिक गतिविधि सुरु भएका थिए। विश्वविद्यालयको स्वरूप दिन उपकुलपतिको रूपमा प्राडा पदमलाल

बाँकी ३ पेजमा

नेपालगञ्ज भन्सार :

# राजस्व सङ्कलनमा वृद्धि




**युग संवाददाता**
**बाँके, २ असार ।**

भारतबाट नेपाल भित्रिने सामानमा अनिवार्य भन्सार शुल्क लगाएपछि नेपालगञ्ज भन्सार कार्यालयको मासिक राजस्व सङ्कलनमा वृद्धि भएको छ।

एक सयभन्दा बढीको सामानमा अनिवार्य भन्सार नीति कार्यान्वयन गरेपछि विगतका महिनामा भन्दा भन्सार राजस्व उल्लेख्य रुपमा वृद्धि भएको नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले बताए।

उनका अनुसार, भन्सारमा कडाई गरेपछि चैत र बैशाख महिनामा राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि देखिएको छ। गत फागुन महिनामा रु एक अर्ब ९३ करोड, ३८ लाख १९ हजार सङ्कलन भएकोमा चैत महिनामा रु दुई अर्ब १४ करोड, २५ लाख ५४ हजार र वैशाख महिनामा रु एक अर्ब ८४ करोड, २८ लाख २१ हजार राजस्व सङ्कलन भएको छ।

हरेक सामान किनमेलनका लागि सीमापारि भारतीय बजार रुपैडिहा जाने प्रवृत्ति बदल्ने उद्देश्यले नाकामा कडाइ गर्दा राजस्व वृद्धि हुनुका साथै नेपागञ्जको व्यापार व्यवसाय फस्टाउँदै गएको उनले जानकारी दिए। नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दश महिना अवधिमा लक्ष्यको करिब ६८ प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ।

चालु आव २०८२/०८३ का लागि वार्षिक लक्ष्य रु २४ अर्ब ५४ करोड ५७ लाख ८२ हजार निर्धारण भएकोमा वैशाख मसान्तसम्म दश महिनामा मात्र रु १६ अर्ब ७३ करोड ९७ लाख ५९ हजारअर्थात् लक्ष्यको ६८ दशमलव दुई प्रतिशत असुली भएको छ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले सीमा नाकामा कडाइपछि धेरै उपभोक्ता सीमापारि जान छाडेकोले नेपाली स्थानीय बजार चलायमान हुन थालेको बताए।

# शिक्षामन्त्री पोखरेलद्धारा अनुगमन

**युग संवाददाता**
**सुर्खेत, २ असार ।**

शिक्षा तथा खेलकुद मन्त्री एवं मध्यपश्चिम विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले विश्वविद्यालयका विभिन्न निकायहरूको अवलोकन भ्रमण गरेका छन्। विश्वविद्यालयको १६ औं बार्षिकोत्सव, १८ औं सिनेट तथा चौथो दीक्षान्त समारोहको पूर्वसन्ध्यामा सम्पन्न उक्त अवलोकन भ्रमण गरिएको हो।

सहकुलपति पोखरलले विश्वविद्यालयमा सञ्चालन भइरहेका शैक्षिक, प्रशासनिक तथा विकास निर्माणसम्बन्धी गतिविधिहरू, भौतिक पूर्वाधारको अवस्था तथा समग्र प्रगतिबारे स्थलगत जानकारी लिएका थिए।

बाँकी ३ पेजमा






## सम्पादकीय....

# बजेटको आकार होइन कार्यान्वयनमा ध्यान देऊ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। चालु आर्थिक वर्षको तुलनामा करिब ७.२८ प्रतिशतले वृद्धि भएको यो बजेटले पूर्वाधार विकास, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना, उद्यमशीलता विकास, सुशासन तथा युवा सहभागितालाई प्राथमिकतामा राखेको दाबी गरेको छ। कुल बजेटमध्ये ५८.३१ प्रतिशत पुँजीगत र २४.३१ प्रतिशत चालु खर्चका लागि विनियोजन गरिएको छ। बजेटको संरचना हेर्दा विकासमुखी देखिए पनि यसको वास्तविक मूल्याङ्कन बजेटको आकारबाट होइन, कार्यान्वयन क्षमताबाट हुनुपर्छ। कर्णालीमा हरेक वर्ष बजेट घोषणा हुँदा ठूलो अपेक्षा पैदा हुन्छ। तर, बजेट कार्यान्वयनको अवस्था हेर्दा ती अपेक्षाहरू प्रायः निराशामा परिणत हुने गरेका छन्। प्रदेश स्थापना भएयता प्रस्तुत कुल बजेटमध्ये औसतमा ५८.९२ प्रतिशत मात्र खर्च हुन सकेको तथ्य आफैंमा चिन्ताजनक छ। अझ चालु आर्थिक वर्षको जेठ मसान्तसम्म समग्र खर्च ३६.२५ प्रतिशतमा सीमित रहनुले प्रदेश सरकारको कार्यसम्पादन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ। पुँजीगत खर्चको अवस्था झन् कमजोर छ। विकास निर्माणका कार्यक्रमलाई गति दिने भनिएको बजेट वर्षको अधिकांश समय कागजमै सीमित रहने र अन्तिम समयमा हतारमा खर्च गर्ने प्रवृत्तिले अपेक्षित परिणाम दिन सकेको छैन। सरकारले बजेटमार्फत रोजगारी, उत्पादन वृद्धि, लगानी विस्तार र आर्थिक क्रियाकलापलाई प्राथमिकता दिएको जनाएको छ। तर, निजी क्षेत्रले बजेटमा कुनै उल्लेखनीय नयाँपन नदेखिएको टिप्पणी गरेको छ।

विगतमा घोषणा गरिएका स्टार्टअप प्रवर्द्धन, औद्योगिक क्षेत्र विकास, पर्यटन पूर्वाधार विस्तार तथा विमानस्थल स्तरोन्नतिजस्ता योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको अवस्थामा पुनः उही कार्यक्रम दोहोरिँदा निजी क्षेत्र उत्साहित नहुनु स्वाभाविक हो। आर्थिक समृद्धिको आधार निजी क्षेत्र हो भन्ने स्वीकार गरिए पनि लगानी आकर्षित गर्ने ठोस नीति, उद्योगमैत्री वातावरण र उत्पादन वृद्धिका स्पष्ट कार्यक्रम बजेटमा पर्याप्त रूपमा देखिएका छैनन्। प्रमुख प्रतिपक्षी दलले समेत बजेटलाई पुरानै ढर्राको निरन्तरता भनेको छ। बजेटको उद्देश्य महत्वाकांक्षी भए पनि त्यसअनुसार स्रोत र कार्यक्रमको प्राथमिकता निर्धारण हुन नसकेको आलोचना गरिएको छ।

टुक्रे योजना र साना आयोजनामा बजेट छरिने प्रवृत्ति अझै अन्त्य हुन नसक्नु कर्णालीको दीर्घकालीन विकासका लागि बाधक बन्दै आएको छ। सीमित स्रोतलाई रणनीतिक महत्वका आयोजना, उत्पादनशील क्षेत्र र रोजगारी सिर्जना गर्ने कार्यक्रमतर्फ केन्द्रित गर्न नसकिएसम्म बजेटले अपेक्षित परिवर्तन ल्याउन सक्दैन। कर्णालीको वास्तविक चुनौती बजेट ल्याउनु होइन, त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु हो। आन्तरिक आयको आधार कमजोर छ, संघीय अनुदानमा उच्च निर्भरता कायम छ र विकास खर्चको क्षमता सीमित छ। यस्तो अवस्थामा बजेटलाई राजनीतिक घोषणापत्रभन्दा पनि परिणाममुखी कार्ययोजनाका रूपमा कार्यान्वयन गर्न आवश्यक छ। प्रदेश सरकारले यसपटक कम्तीमा विगतका कमजोरी दोहोरिन नदिने, बजेटको समयमै कार्यान्वयन गर्ने, पारदर्शिता कायम गर्ने र उपलब्ध स्रोतलाई जनताको जीवनस्तरसँग प्रत्यक्ष जोडिने क्षेत्रमा केन्द्रित गर्ने दृढता देखाउनुपर्छ। अन्यथा बजेटको आकार बढ्दै जाने तर जनताको जीवनमा परिवर्तन नआउने विडम्बना फेरि दोहोरिनेछ। कर्णालीका लागि अब नयाँ बजेटभन्दा बढी आवश्यक कुरा प्रभावकारी कार्यान्वयन र नतिजामुखी शासन हो।

## विश्व

# खडेरीको चिन्ता र उत्तर कोरियाको ‘सुक्खा धान’ अभियान

**सियोल, २ असार।**
उत्तर कोरियाले परम्परागत पानीमा डुबाइने धानखेतीको विकल्पका रूपमा सुक्खा खेतमा धान उत्पादनलाई तीव्रता दिएको छ। राज्य सञ्चारमाध्यमले यसलाई कृषि उत्पादन बढाउने प्रयासका रूपमा प्रस्तुत गरे पनि विज्ञहरूले यसलाई देशमा बढ्दो खडेरी र खाद्य असुरक्षाको गम्भीर सङ्केतका रूपमा व्याख्या गरेका छन्।

आणविक हतियार सम्पन्न उत्तर कोरिया लामो समयदेखि अन्तर्राष्ट्रिय प्रतिबन्ध, राज्य-नियन्त्रित अर्थतन्त्र र निरन्तर खाद्यान्न अभावको समस्यासँग जुध्दै आएको छ। विगतका वर्षहरूमा प्राकृतिक विपद् र कमजोर कृषि संरचनाले पनि खाद्य उत्पादनमा असर पार्दै आएको छ। संयुक्त राष्ट्रसङ्घका उत्तर कोरियासम्बन्धी मानव अधिकार विशेष प्रतिवेदक एलिजाबेथ साल्मोनले फेब्रुअरीमा देशमा खाद्यान्न अभाव प्रमुख मानवीय चुनौती बनेको बताएका थिए। उहाँका अनुसार पर्याप्त खाद्य उपलब्ध नहुनुले सर्वसाधारणको जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ।

प्योङ्याङको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) ले मङ्गलबार देशका विभिन्न क्षेत्रमा सुक्खा खेतमा धान खेती विस्तार भइरहेको जनाएको छ। सामान्यतया धानखेतीका लागि प्रशस्त पानी आवश्यक पर्ने भए पनि यस्तो विधि सिँचाइ सीमित हुँदा वा वर्षामा निर्भर रहँदा प्रयोग गरिन्छ।

यसअघि अप्रिलमा केसीएनएले देशले ‘असामान्य’ र ‘गम्भीर’ खडेरीको सामना गरिरहेको चेतावनी दिएको थियो र बाली जोगाउन विशेष कदम चालिएको उल्लेख गरेको थियो। त्यसयता खडेरीको अवस्था अझै चुनौतीपूर्ण रहेको विभिन्न रिपोर्टहरूले देखाएका छन्।

दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीका अनुसार उत्तर कोरियाको सरकारी टेलिभिजनले गत महिना पश्चिमी क्षेत्रमा पर्ने दक्षिण ह्वाङ्घे प्रान्तका विभिन्न स्थानमा गम्भीर खडेरीको अवस्था देखाएको थियो। उक्त क्षेत्र देशको प्रमुख अन्न उत्पादन केन्द्र मानिन्छ। विशेषज्ञहरूका अनुसार पछिल्ला घटनाक्रमले उत्तर कोरियाको कृषि क्षेत्रमा पानीको अभाव गम्भीर बन्दै गएको सङ्केत गर्छ। डोङ्गुक विश्वविद्यालयका प्राध्यापक किम योङ-ह्युनले पानीको उपलब्धता घट्दा सुक्खा खेतको धान वैकल्पिक उत्पादन प्रणालीका रूपमा प्रयोग गरिने बताए।

उहाँले उत्तर कोरियाले यस्तो खेती विस्तार गरिरहेको तथ्यले यस वर्षको अन्त्यसम्म खाद्य उत्पादनबारे चिन्ता बढ्न सक्ने सङ्केत दिने बताउनुभयो। उत्पादनमा कमी आए खाद्यान्न अभाव अझ गहिरिन सक्ने उनको भनाइ छ।

इवा वुमन्स युनिभर्सिटीका उत्तर कोरियाली अध्ययनका प्राध्यापक पार्क वोन-गोनले पनि खडेरीको अवस्था उल्लेखनीय रूपमा सुधार नभएको आकलन गरे। उनका अनुसार उत्तर कोरियाले प्रत्येक वर्ष करिब पाँच लाखदेखि १० लाख टनसम्म खाद्यान्न अभाव झेल्दै आएको छ।

# टरिगाउँ विमानस्थलमा ‘न त जहाजको टुङ्गो, न त बजेटकै’

✍ **दीपक बोहरा/रासस**



दाङको तुलसीपुर उपमहानगरपालिका-१२ स्थित टरिगाउँ विमानस्थल नेपालकै पुराना विमानस्थलमा पर्छ। विसं २०११ मा सञ्चालनमा आएको हो तर यस विमानस्थल सुरुआतदेखि जत्रो थियो, त्योभन्दा ठूलो बनाउन सकिएको छैन। हाल विमानस्थलको लम्बाइ ७५० मिटर रहेको छ। धावनमार्ग सानो भएकै कारणले अहिले ठूला विमानहरू बस्न सक्दैनन्। उन्नाइस सिट क्षमताको जहाज मात्रै बस्छन्। त्योभन्दा ठूला जहाज बस्न नसक्दा नियमित पनि हुन सकेको छैन भने भाडा पनि महँगो हुँदा प्रभावकारी रुपमा सेवा सञ्चालन हुन सकेको छैन।

“हामीले हप्तामा चार दिन हवाई सेवा सञ्चालन गरिरहेका छौँ”, नेपाल एयरलाइन्सका तुलसीपुर शाखा प्रमुख बलबहादुर सुनारले भन्नुभयो, “तर, नियमित छैन, कहिले महिनामा दुई दिन मात्रै पनि चल्छ।” आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने भनिए पनि नियमित हुन सकेको छैन। कहिले यात्रु नभएर समस्या हुन्छ भने कहिले मौसमले पनि आउन सक्दैन। यसले गर्दा यहाँका यात्रुहरू भैरहवा र नेपालगञ्ज जानुपर्ने बाध्यता रहेको छ। अहिलेको धावनमार्ग ७५० मिटर मात्रै लम्बाई हुँदा ठूला जहाज बस्न सक्दैनन्। यसको धावनमार्ग विस्तारका लागि पटक-पटक आवाज उठे पनि पूरा हुन सकेको छैन।

तुलसीपुर उपमहानगरपालिकाले उपप्रमुख स्यानी चौधरीको नेतृत्वमा विमानस्थल स्तरवृद्धिको पहलका लागि समिति गठन गरी काम अगाडि बढाएको थियो। “स्तरवृद्धिका लागि भनेर पटक-पटक मन्त्रालय धाउँदा पनि खासै उपलब्धि हुन सकेन। हाम्रो पालिकाभित्र भएकाले हामीले पहल लिइरहेका छौँ”, उपप्रमुख चौधरीले भन्नुभयो। उहाँका अनुसार उपमहानगरपालिकाले यसअघि आफैँले केही यात्रु बराबरको भाडा तिरिदिनेसहमति गरेर विमान नियमित बनाएको थियो भने तुलसीपुर उद्योग वाणिज्य सङ्घले पनि पटक-पटक विमान नियमित बनाउनलाई पहल लिइरहेको थियो।

सुरुआतमा दाङको टरिगाउँ विमानस्थलबाट जहाज रुकुमको सल्ले, चौरजहारी तथा बाँकेको नेपालगञ्ज समेत जान्थ्यो। सुरुमा टरिगाउँ विमानस्थलमा आएर यात्रु लैजानका लागि एक दिन नेपालगञ्ज हुँदै काठमाडौँ जाने गरेको नागरिक समाजका पूर्वअध्यक्ष टीकाराम रेग्मीले बताउनुभयो। उहाँका अनुसार अर्को दिन टरिगाउँबाट रुकुमको चौरजहारी गएर पुनः काठमाडौँ जान्थ्यो भने तेस्रो दिन रुकुमको सल्ले गएर काठमाडौँ जान्थ्यो। त्यतिबेला ‘डकोटा’ नामको विमान चल्थ्यो। यसरी नियमित तीन दिन हवाई सेवा सञ्चालनमा हुन्थ्यो।

### वक्तव्यमा आउथ्यो, किताबमा आउँदैनथ्यो

आर्थिक वर्ष २०६८/६९ को बजेट वक्तव्यदेखि दाङको टरिगाउँ विमानस्थलमा नियमितजसो बजेट वक्तव्यमा आउने गर्थ्यो तर बजेट भने नआउने समस्याले यस क्षेत्रका नागरिक आजित छन्। आव २०६८/६९ मा धावनमार्ग कालोपत्रे भएको थियो। “जतिबेला कर्मचारी सञ्चय कोषबाट ऋण लिएर देशका विभिन्न विमानस्थलहरूको कालोपत्रे गरिएको हो, त्यतिबेला हामीसँग पैसा थिएन”, तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्ट मगरले भन्नुभयो, “कर्मचारी सञ्चय कोषबाट ऋण लिएर भए पनि कालोपत्रे गरेका हौँ।” त्योभन्दा अघि टरिगाउँ विमानस्थल घाँसेमैदान थियो।

करिब रु साढे आठ करोड लागतमा अस्पाल्ट प्रविधिबाट विमानस्थल कालोपत्रे भएको हो। त्यसपछि २०७८ सालतिर ५८ लाख लागतमा टर्मिनल भवन बन्यो। त्यसबाहेक अन्य बजेट आएको छैन। आगामी आव २०८३/८४ का लागि पनि बजेट वक्तव्यमा समावेश भएकाले यसपटक बजेट बिनियोजन हुने दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य कमल सुवेदीले बताउनुभयो। उहाँले पहिलो चरणमा रु २५ करोडको हाराहारीमा बजेट विनियोजन गरेर बहुवर्षीय बनाउने गरी तयारी गरेको बताउनुभयो। बहुवर्षीय बनाएमा यो विमानस्थल स्तरवृद्धि हुने उहाँको विश्वास छ।

खासगरी टरिगाउँ विमानस्थलको धावनमार्ग विस्तारका लागि बजेट आवश्यक हो। हाल ७५० मिटर लम्बाइ भएको धावनमार्गलाई बढाएर १५ सय मिटरसम्म बनाउन सकेमा मात्रै ठूला जहाज बस्न सक्छन् तर हाल १९ सिट क्षमताका टुइनेटर जहाज मात्रै बस्ने र सानो हावा वा हुस्सु लागेपछि बस्न नसक्ने अवस्था रहेको छ। कहिले आउने र कहिले नआउने हुँदा यात्रुहरूको विश्वास समेत जित्न नसक्दा यस क्षेत्रका यात्रुहरू भैरहवा वा नेपालगञ्ज जानुपर्ने बाध्यता छन्। २०११ सालदेखि २०४२ सालसम्म नियमित रूपमा विमान सञ्चालनमा भएको विमानस्थल त्यस बीचमा नियमित हुन सकेको थिएन। तै पनि कहिले आउने र कहिले नआउने गर्दै २०५८ सालसम्म चल्यो।

कालोपत्रे गरेपश्चात् पुनः २०७२ जेठ १४ गते गोमा एयरले उडान भर्न सुरु गरेको थियो तर त्यो एक वर्ष पुग्दानपुग्दै अवरुद्ध बन्न पुग्यो। हाल कहिलेकाहीँ नेपाल एयरलाइन्सले यस विमानस्थलमा उडान भरिरहेको छ। बादल वा हुस्सु लाग्यो वा सानो हावा लाग्यो भने पनि उडान हुँदैन। हाल हप्तामा चार दिन भनिए पनि महिनामा दुई दिनजसो मात्रै उडान हुने गरेको एयरलाइन्सका दाङ शाखा प्रमुख बलबहादुर सुनारले बताउनुभयो। “हप्तामा चार दिनको तालिका छ”, उहाँले भन्नुभयो, “तर, महिनाको दुई दिन पनि जहाज धौ-धौ आउँछ।”

### वैकल्पिक उपायको खोजी

दाङमा वैकल्पिक विमानस्थलको बहस पनि थालियो। त्यसको मारमा पनि टरिगाउँ विमानस्थल परेको छ। आव २०७५/७६ को बजेटमै जिल्लामा वैकल्पिक विमानस्थलको खोजी गर्ने भनी बजेट आयो। त्यसकै जगमा आव २०७७/७८ र आव २०७८/७९ मा नारायणपुरमा अन्तरराष्ट्रियस्तरको विमानस्थल बनाउने भनी बजेट वक्तव्यमा समावेश भयो। केही बजेट पनि आयो तर काम हुन नसकी ‘फ्रिज’ भयो।

विमानस्थल विस्तारका लागि चार विकल्प दिइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर टरिगाउँ विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएको छ तर पहिलो विकल्प अनुसार नै काम गर्ने गरी अगाडि बढे पनि त्यो हुन सकेको छैन। पहिलो विकल्प भनेको हाल भइरहेको धावनमार्ग नै विस्तार गरी १२३० मिटर लम्बाई ‘रनवे’ हुन सक्छ भन्ने रहेको छ। यसका लागि ५७ बिघा जग्गा चाहिन्छ। अहिले विमानस्थलको ३९ विघा जग्गा छ। बाँकी सामुदायिक बनको १२ विघा, अधिग्रहण १.२ विघा र सार्वजनिक जग्गा ४.८ विघा लैजानुपर्ने हुन्छ।

यसरी विमानस्थल बनाउँदा रु छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय लागत अनुमान गरिएको छ। यसमा फुटपाथ तथा संरचना निर्माणका लागि रु दुई अरब ७६ करोड ५० लाख ९४ हजार ८६०, भवनलगायतका सामग्रीहरूका लागि रु तीन अरब १३ करोड ४२ लाख ४० हजार, विविध कामका लागि रु १५ करोड ७३ लाख २० हजार र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि रु १० करोड २५ लाख लागत अनुमान गरिएको छ।

यस विकल्पअनुसार अहिले रहेका घरहरू हटाउनु पर्दैन। मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ। यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ। यसमा रातको समयमा र कम ‘भिजिविलिटी’ हुँदा अवतरण गर्न कठिन हुन्छ। रातको समयमा हवाई अवतरण गर्नका लागि थप ४५० मिटर जमिन चाहिन्छ। यस अनुसार अनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ। यसमा आइई र इआइए गर्न दुई वर्ष लाग्नुका साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्ने बताइएको छ।

### इन्धन डिपो पनि मारमा

हाल सोही ठाउँमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरिसकेको छ। त्यो सबै खर्च नेपाल आयल निगमको हो। विमानस्थलको जग्गा मात्रै निगमलाई उपलब्ध गराइएको हो तर महिनामा एक/दुई पटक मात्रै इन्धन खपत हुने गर्दा त्यसबाट खासै आम्दानी लिन नसकिएको इन्धन डिपो कार्यालय तुलसीपुरका लेखा अधिकृत कैलाश देवकोटाले बताउनुभयो। “महिनामा एक-दुई पटक मात्रै इन्धन खपत हुन्छ”,उहाँले भन्नुभयो, “त्यसले त हाम्रो लगानी अनुसार घाटा नै हुन्छ।” उहाँका अनुसार चालु आर्थिक वर्षको जेठसम्म ४० हजार ८६५ लिटर मात्रै इन्धन खपत भएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – आत्मविश्वासको कमीले पछि परिनेछ। बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ। शुभचिन्तकको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृष** – बिहानको समय फलदायी रहनेछ। केही रचनात्मक कार्य गर्न सकिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**मिथुन** – अरूको करकापमा काम गर्नुपरे पनि आजको श्रमबाट पछिलाई फाइदा हुनेछ। कर्जामार्फत खर्च जुटाउन सकिनेछ।

**कर्कट** – मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्नेछ र उठ्नुपर्ने रकम हातलागी हुनेछ।

**सिंह** – आजको परिश्रमले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। मिहिनेत गर्दा आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

**कन्या** – अरूको प्रभावमा परिने हुँदा गोपनीयता भंग हुन सक्छ। आफ्ना कमजोरी भरसक सार्वजनिक नगर्नुहोला। दिउँसोदेखि स्थितिमा सुधार आउनाले आफ्नो वर्चस्व बढ्नेछ।

**तुला** – खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला। सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला।

**वृश्चिक** – बिहान रमाइलो देखिए पनि दिउँसोतिर अस्वस्थताले काममा जुट्न नसकिएला। साथ दिनेहरू नहुँदा दुःख पाइनेछ। बाध्यताले अप्ठ्यारो पार्न सक्छ।

**धनु** – राम्रो उपलब्धि हातलागी हुने समय छ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्नेछ। दिगो काम प्रारम्भ हुनेछ।

**मकर** – परिस्थितिवश सानोतिनो समस्याले अल्झाउन सक्छ। मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ।

**कुम्भ** – बिहानको काम सन्तोषजनक नभए पनि बिस्तारै मनको डर हराउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

**मीन** – कुनै काम गर्न बिहानको समय अनुकूल रहनेछ। भौतिक साधन जुटाउन सकिनेछ। व्यवसायमा फाइदा हुनेछ। दिउँसोदेखि एक्लोपना अनुभूति हुनेछ।

# नि:शुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि १२ सय बढीको उपचार




**युग संवाददाता**
**काठमाडौं, २ असार ।**

सरकारले विपन्न वर्गको स्वास्थ्य उपचारका लागि निःशुल्क स्वास्थ्य पोर्टल सुरु गरेपछि त्यसमार्फत निःशुल्क सेवा लिनेको सङ्ख्या एक हजार २०० नाघेको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निःशुल्क स्वास्थ्य उपचारको संवैधानिक हक कार्यान्वयन गर्न गत वैशाख ३ गतेदेखि अस्पतालका निःशुल्क शैयासम्बन्धी सूचना दिने अनलाइन प्रणाली 'निःशुल्क स्वास्थ्य पोर्टल' सञ्चालनमा ल्याएसँगै विपन्न वर्ग लाभान्वित भएका हुन्।

पोर्टलमा अद्यावधिक गरिएको जानकारीअनुसार देशभरका सबै अस्पतालमा गरी तत्काल कुल २३ हजार ४५६ वटा शैयूया उपलब्ध छन्। सो सङ्ख्याको १० प्रतिशतअर्थात् दुई हजार ३५६ शैयूया पूर्णतः निःशुल्क उपलब्ध छन्। उपलब्ध कुल निःशुल्क शैयूयामध्ये हाल ३५४ शैयूयामा बिरामी छन्। यसरी तत्काल दुई हजार दुई शैयूया निःशुल्क उपलब्ध छन्।

पोर्टलमा देशभर तत्काल उपलब्ध शैयूया सङ्ख्या, त्यसको १० प्रतिशतले हुन आउने निःशुल्क शैयूया, हाल प्रयोग भइरहेको निःशुल्क शैयूया र बाँकी रहेको निःशुल्क शैयूया सङ्ख्याको अद्यावधिक जानकारी हुन्छ।

मन्त्रालयले पोर्टलमार्फत अस्पतालहरूमा उपलब्ध हुने अन्य सेवाहरूको अद्यावधिक जानकारी समेत उपलब्ध गराउने तयारी गरेको जनाएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले संविधान र कानूनले बिपन्न वर्गका लागि दिएको सुविधा ती वर्गले पाउने अवस्था सुनिश्चित गर्न निःशुल्क पोर्टल कार्यान्वयनमा ल्याइएको बताए। उनले भने "यसो नगर्दा लक्षित बर्गले अस्पतालले चाहँदा पाउने नत्र निःशुल्क स्वास्थ्य सुविधा नपाउने अवस्था थियो, त्यसैले विपन्न बर्गका पक्षमा स्वास्थ्य पोर्टल सुरु गरेका हौँ।"

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने भन्ने व्यवस्था छ।

साथै नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७० घ मा "अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीका लागि कुल शैयूयाको १० प्रतिशत शैयूया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ" भन्ने व्यवस्था छ।

त्यसको कार्यन्वयनको लागि अस्पतालहरूमा निःशुल्क उपचार सेवा प्रभावकारी, पहूच योग्य र पारदर्शी बनाउने उद्देश्यले यो अनलाइन प्रणालीको विकास गरिएको जानकारी स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले दिए। उनले भने "विगतमा कार्यविधि नहुँदा के के कुरा निःशुल्क हुने भन्नेमा अन्योल थियो। कार्यविधि बनेपछि सबै पक्षलाई सहज भएको छ।"

स्वास्थ्य पोर्टल व्यवस्थापनका क्रममा जारी कार्यविधिले १० अस्पतालमा लक्षित वर्गका लागि १० शैयूया अनिवार्य छुट्ट्याइएको हुनुपर्ने, ती शैयूयामा भर्ना हुने बिरामीलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क दिनुपर्ने र निःशुल्क शैयूयासम्बन्धी सम्पूर्ण जानकारी निःशुल्क पोर्टल र अस्पतालको सूचना पाटीमा सबैले देख्नेगरी राख्नुपर्ने व्यवस्था गरेको छ। सरकारले विपन्न वर्ष लक्षित पोर्टल लागू गरेपछि अस्पतालको अनुगमनका लागि छ वटा समिति गठन गरी देशका ११ वटा सङ्घीय अस्पतालमा खटाएको जनाएको छ।

# सेनाद्वारा सुदूरका बीस विद्यालयमा सेवादल तालिम

**युग संवाददाता**
**महेन्द्रनगर, २ असार ।**

सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लामा नेपाली सेनाले प्रदान गर्ने राष्ट्रिय सेवा दल (एनसीसी) जुनियर डिभिजन तालिम सुरुआत भएको छ। सुदूरपश्चिमबाट तालिमका लागि छनोट भएका यहाँका सामुदायिक र निजी गरी बीस विद्यालयमा सोमबारदेखि सेवा दल तालिम सुरु भएको सेनाको सुदूरपश्चिम पृतनाले जनाएको छ।

विद्यार्थीलाई विपद् व्यवस्थापन, ट्राफिक सचेतना, राष्ट्रिय एकताको भावनाको विकास, आत्मसुरक्षा, समूहमा मिलेर काम गर्ने बानीको विकास लगायत देश र राष्ट्रप्रति अनुशासित भएर काम गर्ने बानीको विकास गर्ने उद्देश्यले सेनाले हरेक वर्ष उक्त तालिम सञ्चालन गर्दै आएको छ।

सुदूरपश्चिम पृतनाका अनुसार यहाँ कैलालीमा छ वटा विद्यालय, कञ्चनपुरमा पाँच, अछाम र बैतडीमा दुई/दुई बाँकी डोटी, डडेल्धुरा, बाजुरा, बझाङ र दार्चुलामा एक/एक विद्यालयमा तालिम सुरु भएको हो।

बराहदल गुल्म भगतपुर ब्यारेकका गुल्मपति सेनानी अशोक शाहीले कञ्चनपुरमा पनि सोमबार पाँच वटा विद्यालयमा सि.स. ५२ एनसीसी ब्याच राष्ट्रिय सेवा दल जुनियर तालिम सुरु गरिएको जानकारी दिए। "१०० दिनको तालिममा छनोट भएका विद्यार्थीलाई ८९ दिन जिल्लामै राखिने र २१ दिन जिल्ला बाहिर लगेर प्रक्षिण दिइने छ", उनले भने, "विद्यार्थीलाई अनुशासन, राष्ट्रप्रेम, नेतृत्व विकास, जफादेहिता, इमान्दारिता र बफादारिताका बारेमा प्रशिक्षित गरिन्छ।"त्यसका साथै विद्यार्थीलाई तालिम अवधिमा ड्रिल, खुकुरी ड्रिल, टेक्वान्दो एरोविक्स र फिल्ड क्राप्टलगायतका विषयमा समेत प्रशिक्षण दिइने सेनाले जनाएको छ।

कञ्चनपुरको दक्षिण क्षेत्रका तीन वटा विद्यालयको गुल्मपति सेनानी अशोक शाहीले तालिम उद्घाटन गरे। महेन्द्रनगर बजार क्षेत्रका दुई वटा विद्यालयको तालिम उद्घाटन श्री नं २५ बाहिनी अड्डाका सैनिक अधिकारीले गरेका थिए।

सुदूरपश्चिमका बीस विद्यालयका ६०० विद्यार्थी प्रशिक्षणमा सहभागी रहेको सेनाको सुदूरपश्चिम पृतनाले जनाएको छ। तालिममा प्रथम भएको विद्यालयका विद्यार्थीलाई विभिन्न मुलुक पठाउने गरिएको छ।

**गुर्भाकोट नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**सुर्खेतको संधियारका नाउमा जारी १५ दिने सूचना**

**(प्रकाशित मिति : २०८३/०३/०२ गते)**

सुर्खेत गुर्भाकोट नपा. वडा नं. १४ बस्ने श्री नेत्रकली घलेले यस गुर्भाकोट नपा. वडा नं. १४ साविक गुमी ३ग कि.नं. ९१९, क्षेत्रफल ३६१०.६५ वर्ग मी.मा नक्सा पासका लागि यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन।

**तपसिल :**
**पूर्व जग्गाधनी :** सडक
**पश्चिम जग्गाधनी :** सडक
**उत्तर जग्गाधनी :** तारा पुन (किता नं. ९२७)
**दक्षिण जग्गाधनी :** भावना घले (किता नं. ९१८)

# बाँकेका स्थानीय तहमा विपद् कोष सञ्चालन

**युग संवाददाता**
**नेपालगन्ज, २ असार ।**

बाँकेका आठ वटा स्थानीय निकायले विपद् जोखिम न्यूनीकरणका लागि नीति निर्माणसँगै विपद् कोष सञ्चालन गरेका छन्। विपद् कोषमा, नेपालगन्ज उपमहानगरपालिकाले एक करोड २८ लाख, कोहलपुर नगरपालिकाले १३ लाख ८२ हजार, खजुरा गाउँपालिकाले ८१ लाख १० हजार, जानकी गाउँपालिकाले १२ लाख ५८ हजार, डुडुवा गाउँपालिकाले १० लाख, राप्तीसोनारी गाउँपालिकाले रु दुई लाख ७३ हजार, नरैनापुर गाउँपालिकाले कोषमा पाँच लाख र वैजनाथ गाउँपालिकामा ५५ लाख ४८ हजार जम्मा गरेका छन्।

स्थानीय तहले सम्भावित विपद्को पूर्वानुमान गर्दै विपद् कोष सञ्चालन गरेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका सूचना अधिकृत रूपन ज्ञवालीले बताए। नरैनापुर गाउँपालिकाका वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाका प्रमुख विनोद चौधरीले नरैनापुरमा पटक पटक आगलागी र डुबानको समस्या हुने गरेको बताए।

बाँकेमा विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री भण्डारण गरिएका जिल्ला विपद् व्यवस्थापन समितिले, बाँकेले जनाएको छ। बाढी वा आगलागीका घटनामा परेकालाई उद्धारका लागि आठ स्थानीय तहमा १९ हेलिप्याड, १२ रबरबोटसहितका जनशक्ति राखिएको छ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा 'युरोलोजी' सेवा सञ्चालन

**युग संवाददाता**
**दाङ, २ असार ।**

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सोमबारदेखि सुरु भएपछि सेवा लिन आउने सेवाग्राही खुसी भएका छन्। प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख डा सुरेश रसाइलीले युरोलोजी सेवा स्थानीयस्तरमा नै प्रभावकारी बनेसँगै बिरामीहरू खुसी भएको बताए।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो। तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि उक्त समस्या समाधान भएको छ।




प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा सुशील खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया अहिले सञ्चालनमा ल्याएपछि सेवाग्राही सन्तुष्ट भएका हुन्। हाल ओपिडी सेवामार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन्।

प्रतिष्ठानको तथ्याङ्कअनुसार वैशाख १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट ११३ जना बिरामीको सफल शल्यक्रियासमेत भएको छ। सोही अवधिमा युरोलोजीतर्फ ५०५ जना बिरामीले ओपिडी सेवा पाएको डा खनियाँले बताउनुभयो। युरोलोजी सेवाअन्तर्गत भर्ना गरेर ६१ जना बिरामीको उपचार गरिएको छ।

**योग्यता, स्वच्छता, निष्पक्षता–**
**लोक सेवा आयोगको प्रतिवद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

**लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिक्षामन्त्री...

साथै विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, पूर्वाधार विकास तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक सुझाव एवं निर्देशन प्रदान गर्नुका साथै आवश्यक सहयोगको प्रतिवद्धता व्यक्त गरेका थिए।

भ्रमण कार्यक्रममा प्रतिनिधि सभा सदस्य रमेश सापकोटा, मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा. डा. नारायण प्रसाद पौडेल, रजिष्ट्रार सहप्रा. डा. अर्जुन बहादुर अयडी, पूर्व उपकुलपतिद्वय केदारभक्त माथेमा तथा प्रा. डा. उपेन्द्र कोइराला, प्रधानमन्त्रीका प्रेस बिज्ञ दीपा दाहाल, डीन सह-प्रा. डा. करन सिंह धामी, कार्यकारी निर्देशकद्धय डा. विष्णु कुमार खड्का र यदु प्रसाद ज्ञवाली लगायत विश्वविद्यालयका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरूको सहभागिता रहेको थियो।

अवलोकन भ्रमणका क्रममा रामघाटस्थित ग्र्याजुएट स्कुल अफ एग्रिकल्चर एन्ड फरेस्ट्री, ग्र्याजुएट स्कुल अफ ल ग्र्याजुएट स्कुल अफ ह्युम्यानिटिज एन्ड सोसल साइन्सेज, केन्द्रीय पुस्तकालय लगायत विश्वविद्यालयका विभिन्न निकायहरूको निरीक्षण तथा अवलोकन गरिएको थियो।

सो अवसरमा सम्बन्धित निकायका प्रमुखहरूले आफ्नो निकायको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक गतिविधिबारे जानकारी गराउनुका साथै भावी योजना र आवश्यकताका विषयमा समेत अवगत गराउनु भएको थियो।

त्यसैगरी उक्त टोलीले भ्रमणकै क्रममा कर्णाली प्रदेश रंगशाला, सुर्खेत बहुमुखी क्याम्पस, रामघाट स्थित हिमशिखर बहुमुखी क्याम्पस, शिखर माध्यमिक लगायतका विद्यालयहरुको समेत अवलोकन भ्रमण गरिएको थियो।

## यस्तो...

देवकोटा नियुक्त भए।

यसरी स्थापना भएको विश्वविद्यालयमा हाल सात वटा ग्राजुएट स्कुल अन्तर्गत सुर्खेतस्थित केन्द्रीय विभागहरू, ललितपुरस्थित एमआइसीडी, कर्णाली र लुम्बिनी प्रदेशमा गरी १० वटा आंगिक क्याम्पस छन्।

यस्तै, काठमाडौंमा एक सम्बन्धन प्राप्त क्याम्पसमा विभिन्न विषयको अध्ययन, अध्यापन भइरहेको छ। ग्राजुएट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेजअन्तर्गत नौ विषयमा स्नातक र १५ विषयमा स्नातकोत्तर कार्यक्रम सञ्चालित छन्।

त्यस्तै, दर्शनाचार्यसहितको विद्यावारिधि कार्यक्रमसँगै ग्राजुएट स्कुल अफ म्यानेजमेन्ट अन्तर्गत स्नातकतर्फ बीबीएस, बीबीए, बीएचएम, बीटीटीएम र स्नातकोत्तरतर्फ एमबीएस, एमबीए, एमपीए, दर्शनाचार्य र विद्यावारिधि कार्यक्रम एमयुमा सञ्चालित छन्। विश्वविद्यालयले ग्राजुएट स्कुल अफ एजुकेसन अन्तर्गत आठ विषयमा स्नातक र सात विषयमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गरिरहेको छ। यस्तै, ग्राजुएट स्कुल अफ इन्जिनियरिङअन्तर्गत स्नातकतर्फ तीन र स्नातकोत्तरतर्फ दुई कार्यक्रम सञ्चालित छन्।

त्यस्तै, ग्राजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजीमा स्नातकतर्फ ६ र स्नातकोत्तरतर्फ दुई, ग्राजुएट स्कुल अफ ल अन्तर्गत स्नातकतर्फ पाँच वर्षे बीएएलएलबी र ग्राजुएट स्कुल अफ एग्रिकल्चर एण्ड फरेष्ट्रीमा स्नातकतर्फ बीएस्सीएजी कार्यक्रम विश्वविद्यालयले सञ्चालन गरिरहेको छ।

**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राकम कर्णाली, दैलेख**
**कर्णाली प्रदेश, नेपाल।**

**शिलबन्दी दरभाउपत्र स्वीकृति गर्न आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०३/०३)**

यस आठबीस नगरपालिकाको जस्तापाता खरिद सम्बन्धी मिति २०८३/०२/२५ गते रास्ट्रीय दैनिक (युगआह्वान) मा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरू मध्ये तपशिलमा उल्लेख भएका दरभाउपत्र न्यूनतम मूल्याङ्कन भई सारभूत रूपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा ५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १० प्रयोजनका लागि सम्बन्धित सबै दरभाउपत्र दाताहरूलाई जानकारी दिइएको छ।

**तपसिल**

| सि.न | ठेक्का नम्बर | कामको विवरण | न्युनतम मूल्यांकित कबोल अंक (मू. अ कर सहित) रु. | दरभाउपत्र दाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | 04/SQ/AM/G/2082-083 | Kharchhana Mukta Karyakaram Ward No. 01. (Procurement of CGI sheet) | १४,९४,२८९.४ | श्री सौगात निर्माण सेवा, आठबीस-०४ दैलेख | |

प्रमुख प्रशासकिय अधिकृत

# तातोपानीको लाछुमा ट्र्याक्टर दुर्घटना, एक जनाको मृत्यु

**काली बहादुर परियार**
**जुम्ला, २ असार ।**

जुम्लाको तातोपानी गाउँपालिका-३ अन्तर्गत लाछु नजिक ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

मंगलबार साँझ करिब ६ बजे क १ त १४ नम्बरको ट्र्याक्टर सडक बाट करिब २ सय मिटर तल खस्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ ।

दुर्घटनामा तिला गाउँपालिका-४ का ३५ वर्षीय खर्बेन्द्र शाहीको मृत्यु भएको प्रहरी नायब उपरीक्षक चिरञ्जीवी दाहालले जानकारी दिए ।

उनका अनुसार,सोही गाउँपालिकाको नुवाकोट निवासी ५३ वर्षीय देउमनी सार्की गम्भीर घाइते भएका छन् । घाइते सार्कीको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको प्रमुख दाहालले बताए ।

डीएसपी दाहालका अनुसार ट्र्याक्टर जुम्ला बजार बाट सामान बोकेर तिला गाउँपालिका-४ नुवाकोट तर्फ जाँदै थियो । यात्रा क्रममा अनियन्त्रित भई सडक बाट तल खस्दा दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ ।

दुर्घटनामा परेको ट्र्याक्टर वीर बहादुर शाहीको स्वामित्वमा रहेको प्रहरीले जनाएको छ । घटनाको वास्तविक कारण खुल्न बाँकी रहेको र यसबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जानकारी दिएको छ ।

# रास्वपा कर्णाली प्रदेश सभापतिमा दोहोरिए खड्का

**युग संवाददाता**
**सुर्खेत, २ असार ।**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कर्णाली प्रदेश सभापतिमा पुनः मदन खड्का विजयी भएका छन् । आइतबारदेखि जारी रास्वपा प्रथम कर्णाली प्रदेश अधिवेशनले खड्कालाई पुनः सभापतिमा चयन गरेको हो ।

मंगलबार भएको मतदानमा खड्काले सभापतिका उम्मेदवार स्नेहा उपाध्याय र नन्दकिशोर बस्नेतलाई भारी मतान्तरले पछि पारे । खड्काले दुई सय ८८ मत प्राप्त गर्दा उपाध्ययले ६३ र बस्नेतले जम्मा ३५ मत पाएर लज्जास्पद हार व्यहोरे । सुर्खेतमा रास्वपाको संगठन सदृढिकरण र विस्तारमा खड्काले ठुलो भूमिका निभाएको बताइन्छ । पार्टी सभापति रवि लामिछाने सहकारी ठगि मुद्दामा जेलमा रहेको अवस्थामा रास्वपाको भविष्य के हुने भन्ने बहस छेडिएको बेला खड्काले बिचलित नभई नेतृत्व सम्हालेका थिए ।

सभापतिका अर्का उम्मेदवार सुर्खेतकी उपाध्याय रास्वपाका वर्तमान कोषाध्यक्ष हुन् । यस्तै, सभापतिमा पराजित दैलेखका बस्नेत तिनै व्यक्ति हुन्, जो गएको २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमालेबाट टिकट नपाएको झोकमा रास्वपा प्रवेश गरेका थिए । दैलेख निर्वाचन क्षेत्र नम्बर १ मा रास्वपाबाट टिकट लिएर प्रतिनिधिसभा सदस्यको निर्वाचन लडेका बस्नेतलाई नेपाली कांग्रेसकी वासना थापाले पराजित गरेकी थिइन ।

# बर्दिया निकुञ्जमा एक वर्षे पोथी बाघ मृत फेला

**युग संवाददाता**
**बाँके २ असार ।**



बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत रहेको माधव सामुदायिक वनमा एक वर्षको पोथी बाघ मृत अवस्थामा फेला परेको छ । गेरुवा गाउँपालिका-१ स्थित उक्त वन क्षेत्रमा बाघ मृत भेटिएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी सरोजमणि पौडेलका अनुसार प्रारम्भिक अनुसन्धानबाट दुई बाघबीच भएको संघर्षका कारण उक्त बाघको मृत्यु भएको देखिएको छ । संघर्षमा संलग्न अर्को बाघ घाइते भए पनि हाल सुरक्षित अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो ।

मृत बाघको पोस्टमार्टम सम्पन्न गरिएको छ भने घटनाबारे थप अनुसन्धान जारी रहेको निकुञ्ज प्रशासनले जनाएको छ । पोस्टमार्टम प्रतिवेदनपछि मृत्युको वास्तविक कारणबारे थप स्पष्ट हुने अपेक्षा गरिएको छ ।

वन्यजन्तु विज्ञहरूका अनुसार बाघहरूबीच क्षेत्रीय प्रभुत्व कायम गर्ने, आहारा तथा वासस्थानको नियन्त्रण लिने क्रममा आपसी संघर्ष हुने गर्छ । विशेषगरी बाघको संख्या बढ्दै जाँदा यस्ता घटनाहरू समय-समयमा देखिने गरेका छन् ।

यसअघि पनि २०८१ चैत २६ गते निकुञ्जको लगुना फाँटा र गैंडा मचान क्षेत्रबीचको घना झाडीमा करिब १०-१२ वर्ष उमेरका दुई भाले बाघ आपसमा जुध्दा दुवैको मृत्यु भएको थियो । उक्त घटनाले पनि बाघबीचको क्षेत्रीय प्रतिस्पर्धा कति तीव्र हुन सक्छ भन्ने देखाएको थियो ।

बर्दिया राष्ट्रिय निकुञ्ज नेपालमा बाघ संरक्षणको प्रमुख केन्द्रका रूपमा परिचित छ । पछिल्लो बाघ गणनाअनुसार निकुञ्ज क्षेत्रमा १२५ वटा बाघ रहेका छन् । संरक्षण प्रयास प्रभावकारी बन्दै जाँदा बाघको संख्या वृद्धि भएको भए पनि सीमित वासस्थान र क्षेत्रीय प्रतिस्पर्धाका कारण यस्ता घटनाहरू चुनौतीका रूपमा देखिन थालेका छन् ।

निकुञ्ज प्रशासनले बाघ संरक्षणसँगै उनीहरूको सुरक्षित वासस्थान व्यवस्थापन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा विशेष ध्यान दिइरहेको जनाएको छ ।

## मानव बेचबिखन अपराध हो ।

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने ।
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने ।
- प्रचलित कानून विपरित मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने ।
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।**
**त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

# सुदूरपश्चिममा ३७ अर्ब ७० करोडको बजेट पेस

**युग संवाददाता**
**धनगढी, २ असार ।**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति कार्यक्रम कार्यान्वयनका लागि रु ३७ अर्ब ७० करोड बजेट विनियोजन गरेको छ । प्रदेशसभाको असार १ गते राति ११:४५ बजे बसेको बैठकमा सरकारका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गरेका हुन ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु एक अर्ब ७२ करोड, सरकारबाट राजस्व बाँडफाट भई प्राप्त हुने अनुमानित रकम रु १० अर्ब २४ करोड ९२ लाख, ६६ हजार अनुमान गरिएको छ ।

त्यस्तै, सङ्घीय रोयल्टीबापत रु सात करोड, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु नौ खर्ब छ करोड ३३ लाख, चालु आवको विनियोजनबाट बचत हुने रु नौ अर्ब ६२ करोड, सशर्त अनुदान रु ६ अर्ब तीन करोड ५८ लाख, सङ्घीय समपूरक अनुदान रु ३८ करोड ३८ लाख र विषेश अनुदानबाट रु ५२ करोड ७६ लाख प्राप्त हुने अनुमान गरिएको आर्थिक मामिलामन्त्री धामीले जानकारी दिए ।

प्रस्तुत बजेटमा चालु र पुँजीगततर्फ के-कति बजेट विनियोजन गरिएको भन्नेबारे मन्त्री धामीले उल्लेख गरे । प्रतिपक्षी दलका सदस्यहरुको बहिष्कारका बीच सरकारले बैठकमा आगामी आवको बजेट सार्वजनिक गरेको हो ।

बैठक प्रारम्भ हुनासाथ प्रतिपक्षी दलका सदस्यहरु आ-आफ्नो स्थानमा उठेर विरोध गरेपछि सभामुख भीमबहादुर भण्डारीले दिएको समयमा बोलेका प्रदेशसभा सदस्य मानबहादुर धामीले समयमै बजेट पेस गर्न नसकेर सरकारले लाचारीपन देखाएको बताए । त्यसपछि सबै प्रतिपक्षी सांसद बैठक बहिष्कार गर्दै बाहिरिएका थिए ।

बजेट बाँडफाँटमा सत्तापक्षका प्रदेशसभा सदस्यहरुबीच नै मतऐक्यता हुन नसकेपछि प्रदेशसभा बैठकमा आगामी आवको बजेट पेस गर्न ढिलाइ भएको हो । प्रदेश सरकारको चालु आवमा रु ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजारको बजेट विनियोजन गरिएको थियो ।

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्षिट्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

**भवानी अर्डर एण्ड सप्लायर्स**

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

९८५८०५५६२९
☎ ९८५१३२९१६९
९८४९३२१४४२

**भवानी अटो वर्कसप**

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

**हाम्रा सेवाहरु**

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।